# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

१. श्री सिपी राधाकृष्णनले देशको १५ औं उपराष्ट्रपतिको रुपमा सपथ लिनुभयो।

२. कुचबिहार नगरपालिकामा व्यापक रूपमा जाली जन्म प्रमाण पत्र भेटिएको मामिला प्रकाशमा आएको छ।

३. दुर्गा पूजाको तयारीका बीच जलपाईगुडी जिल्लाको बानरहाट ब्लकका तीन चिया बगान एकै रातमा अचानक बन्द भएको छ।

४. लङ्भ्यू चिया बगानमा बोनस विवाद यथावत छ।

५. मौसम विभागले अलिपुरद्वार अनि कुचबिहार जिल्लामा आगामी आइतवारसम्मै मूसलधार बर्षा हुने अनुमान व्यक्त गरेको छ

## उपराष्ट्रपति शपथ

श्री सिपी राधाकृष्णन देशको १५ औं उपराष्ट्रपति बन्नुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले उहाँलाई आज राष्ट्रपति भवनमा पद तथा गोपनीयताको शपथ गराउदै उपराष्ट्रपतिको जिम्मेवारी सुम्पिनु भएको हो। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, पूर्व राष्ट्रपति रामनाथ कोविन्द, पूर्व उपराष्ट्रपति जगदीप धनखड़, केन्द्रीय मन्त्रीहरु अमित शाह, राजनाथ सिंह, जेपी नड्डा, पीयूष गोयल र नितिन गडकरी उपस्थित थिए।श्री सीपी राधाकृष्णनले यसै महिनाको नौ तारिख भएको उपराष्ट्रपतिको चुनावमा विजयी हुनुभएको थियो।

## प्रधानमंत्री-यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलिदेखि यसै महिनाको पन्ध्र तारिखसम्म मिजोरम, मणिपुर, आसाम, पश्चिम बंगाल र बिहारको भ्रमण गर्ने भएका छन्। मिजोरमको भ्रमणका क्रममा प्रधानमन्त्रीले भोलि बेराबी-सैरांग नयाँ रेल लाइन परियोजनाको उद्घाटन गर्नुहुनेछ। यो रेल लाइनले मिजोरमको राजधानी आइजोललाई भारतीय रेल सञ्जालसँग जोड्नेछ। यो ऐतिहासिक उपलब्धि हो। ५१ किलोमिटर लामो रेलमार्ग ८ हजार करोड भारुको लागतमा निर्माण गरिएको हो।

## कुचबिहार

कुचबिहार नगरपालिकामा व्यापक रूपमा जाली जन्म प्रमाण पत्र भेटिएको मामिला प्रकाशमा आएको छ। एउटा-दुईवटा नभएर 70 वटाभन्दा अधिक जाली जन्म प्रमाण पत्र भेटिएको छ। यीमध्ये कतिपयमा नगरपालिकाकी उपाध्यक्षको नक्कली हस्ताक्षर पनि पाइएको घटना प्रकाशमा आएको छ। यस अतिरिक्त नगरपालिकाका अन्य अधिकारीहरूको पनि नक्कली हस्ताक्षर यी प्रमाण पत्रहरूमा अंकित छ। घटना उजागार हुनसाथ सम्पूर्ण जिल्लामा सनसनी मचिएको छ। सूत्र अनुसार पहिला नगरनिगमबाट हस्तलिखित प्रमाण पत्र दिइन्थ्यो भने अहिले डिजिटल जन्म प्रमाण पत्र जारी गरिन्छ। यसको लागि निगममा एउटा भिन्नै विभाग पनि छ। अहिलेघरि ग्रामीण क्षेत्रहरूबाट केही मानिसहरू मुख्यतः कुचबिहार एमजेएन मेडिकल कलेजको नाममा बनिएको प्रमाण-पत्र लिएर डिजिटलीकरण गराउन आइरहेका छन्। यसको जाँच गर्दा कर्मचारीहरूलाई गड़बड़ी रहेको शंका लाग्यो। रातो रंगको कागजमा बनिएको, मोहर र हस्ताक्षरयुक्त यी प्रमाण पत्रहरू असली जस्तै देखिन्थ्यो, तर जाँचमा यी सबै जाली साबित भए।

**सुनको बिस्किट जफत**

दिनहाटा-2 खण्डको चौधरीहाटको जागीर बालाबाड़ी सीमामा एक टेनिस बलभित्रबाट लाखौं रूपियाँको सुनको बिस्किट जफत गरिएको छ। सीमा सुरक्षा बल (बीएसएफ) 138 औं बटालियनको कारबाहीमा लगभग 364.750 ग्राम सुन जफत गरिएको हो। जसको बजार मूल्य लगभग ४१ लाख अनुमान गरिएको छ। यी बिस्किटहरूलाई तस्करीको निम्ति कहाँ लगिँदै गरेको प्रारम्भिक रिपोर्टमा खुलेको छ भने यसको जाँच शुरु गरिरहेको छ। यस अगाड़ी पनि 30 अगस्तमा बीएसएफ 138औं बटालियनले चौधरीहाटको सीमा क्षेत्रमा 21 टेनिस बलभित्र 43 सुनका बिस्किट जफत गरेको थियो। एक पल्ट फेरि सीमाबाट सुनका बिस्किट जफत हुँदा कोकोहोलो मच्चिएको छ।

**चाय बागान अचानक बंद**

दुर्गा पूजाको तयारीका बीच जलपाईगुडी जिल्लाको बानरहाट ब्लकका तीन चिया बगान एकै रातमा अचानक बन्द भएको छ । बोनसको नदिन मालिक पक्षले बगान बन्द गराएर भागेको आरोप छ । यो निर्णयले पाँच हजारभन्दा अधिक श्रमिक परिवारलाई गहिरो संकटमा पारेको छ । स्थानीय स्रोतका अनुसार बिहीबार राति अबेर चामुर्ची चिया बगान बन्द भएको खबर आएको थियो । त्यसको एक घण्टापछि रेडबैंक र सुरेन्द्रनगर चिया बगान पनि बन्द गरिएको थियो । एकै रातमा तीनवटा बगैंचा बन्द भएपछि पूरै क्षेत्रमा नै हलचल मच्चीएको छ । यसैबीच अचानक बन्द काम भएपछि श्रमिकहरु आज बिहानैदेखि बन्द चिया बगानको गेट अगाडि प्रदर्शन गरेका थिए भने मजदुरको समूहले राष्ट्रिय राजमार्ग नम्बर ३१ मा अवरोध गरेका थिए। घटनाको खबर पाएपछि स्थानीय प्रशासन घटनास्थल पुगेको थियो । उता तृणमूल कांग्रेससँग जोडिएका ट्रेड युनियनका नेताहरु पनि प्रदर्शनस्थलमा पुगेर मजदुरहरुसँग अन्तरक्रिया गरेका थिए ।

**आग्नेयास्त्र**

भक्तिनगर थानाको पुलिसले एक व्यक्तिलाई आग्नेयास्त्र र दुई जिउँदो कारतूससहित पक्राउ गरेको छ। पक्राउ परेका आरोपी सिलिगुडी नगर निगमको वडा नम्बर ४१ को बैकुण्ठपल्ली क्षेत्रका बासिन्दा हुन्।पुलिस स्रोतका अनुसार पक्राउ परेका आरोपी अपराधी हुन् । उनीमाथि असामाजिक गतिविधिमा संलग्न भएको आरोप पनि लागेको छ ।

**अज्ञात-शव-बरामद**

जलपाईगुडी जिल्ल्ला अधिनस्त डायना नदीबाट एक अज्ञात बालिकाको शव क्षत-विक्षत अवस्थामा फेला परेको छ । आज बिहान घटना सार्वजनिक भएलगत्तै त्यस क्षेत्रमा हलचल मच्चिएको थियो । स्थानीयबाट खबर पाएपछि नगरकाटा थानाको पुलिसले नदीमा फसेको शव उद्दार गरेको थियो । पुलिसले शव भुटानतिरबाट आएको अनुमान गरेको छ भने यस विषयमा भुटान पुलिसलाई जानकारी गराएको छ ।

**नेपाल-स्वास्थ्य मंत्रालय**

नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जेन–जेड प्रदर्शनका क्रममा विभिन्न घटनामा ३६ जनाको मृत्यु भएको जनाएको छ । मन्त्रालयका सचिव डा. विकास देवकोटाले देशभरका विभिन्न अस्पतालबाट प्राप्त सूचनाअनुसार हालसम्म ३६ जनाको मृत्यु भएको जानकारी दिए । देशका विभिन्न ५२ अस्पतालमा २८४ जनाको निःशुल्क उपचार भइरहेको छ भने घाइतेमध्ये एक हजार ७७१ जनाको उपचार भएको छ ।

**पोली हाउसका सामाग्री वितरण**

मिरिक महकुमाका कृषकहरूलाई आज खेतीपाती गर्नका लागि कृषि तथा वागवानी विभागको पक्षबाट महकुमा कार्यलय परिसरमा पोली हाउस निर्माणका लागि सामाग्रीहरू वितरण गरियो। यस अवसरमा वागवानी तथा कृषि विभागका सभासद प्रणाम रसाईली, थर्बु डुप्टिन समष्टिका विभागीय एमओडी सभासद मिलेश राई, मिरिक पञ्चायत समितिका चेयरमेन कैलाश खावस अनि विभागीय अधिकारीहरू उपस्थित थिए। उनीहरूको बाहुलीबाट लाभार्थीहरूलाई उक्त सामाग्रीहरू वितरण गरियो। उक्त कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा सभासद प्रणाम रसाईलीले मिरिक बस्ती डुप्टिन नम्बर दस अनि सौरेनी

वस्तीका 62 जना कृषकहरूलाई उक्त सामाग्रीहरू वितरण गरिएको बताए। यसरी नै लाभार्थीहरूले पनि पोली हाउस निर्माणका लागि सामाग्रीहरू प्रदान गरिदिएकोमा जीटीएप्रति आभार प्रकट गरेका छन्।

**थर्बु उच्च मावि**

मिरिकको थर्बु उच्चत्तर माध्यमिक बिध्यालयका भूतपूर्व विध्यार्थी संगठनले आज विध्यालयको प्रेक्षागृहमा गुरु वन्दना,कृतज्ञता ज्ञापन साथै सम्झना अनि सम्मान कार्यक्रमको आयोजना थर्बु उमाविका शिक्षक प्रभारी दिपेन गुरूङको अध्यक्षतामा सम्पन्न गर्यो। दीप प्रज्वलन पछि विधालयका दिवाङ्गत शिक्षकहरूको आत्मा शान्तिको कामना गर्दै एक मिनट मौन पालन गरियो। कार्यक्रममा भूतपूर्व विध्यार्थी भरत प्रधानले थर्बु उमाविमा अध्यनरत पूर्व विध्यार्थीहरूको समूहले शिक्षा प्रदान गर्ने शिक्षक शिक्षिकाहरूप्रति कृतज्ञता प्रदान गर्दै सम्मान जनाँउने उदेश्यका साथ कार्यक्रम आयोजन गरिएको बताए। सोही अवसरमा भर्खरै शिक्षा रत्न पुरस्कारले सम्मानित विध्यालयका सह शिक्षक निर्मल सिङ्गरलाई बिशेष सम्बर्द्धना गरियो।

**कालेबुङ-तारा सुन्दास**

डीजीएचसी र जीटीए अन्तर्गत अस्थायी कर्मचारी स्थायीकरणमा सर्वोच्च अदालतको आदेशलाई तारा सुन्दासद्वारा स्वागत गर्नु भएको छ। दार्जीलिङ गोर्खा हिल काउन्सिल (डीजीएचसी) र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत अस्थायी रूपमा कार्यरत कर्मचारीहरूलाई स्थायीकरण गर्ने सम्बन्धमा गत १८ अगस्ट सर्वोच्च अदालतबाट आएको फैसलाप्रति सीपीआई(एम) नेता तारा सुन्दासले आज पत्रकार सम्मेलन मार्फत यो निर्णयलाई ऐतिहासिक बताउनु भएको छ। उहाँ अनुसार यो फैसला दशकौँदेखि सेवा दिँदै आएका सयौँ अस्थायी कर्मचारीहरूका लागि न्याय र राहतको सन्देश बनेको छ। सुन्दासले जीटीए-का प्रमुख कार्यकारी सदस्य र मुख्य सचिवलाई सर्वोच्च अदालतको आदेश तत्काल कार्यान्वयन गर्न आग्रह गर्दै कर्मचारीहरूको स्थायीकरण अब कानुनी दायित्व मात्र नभई नैतिक जिम्मेवारी पनि रहेको जसले उनीहरूको अधिकार र गरिमालाई सम्मान गर्ने बताउनु भयो। उहाँले कार्यान्वयन प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्नेमा जोड दिनु भयो।

**खरसाङ**

लङ्भ्यू चिया बगानमा बोनस विवाद यथावत छ। खरसाङको लङ्भ्यू चिया बगानमा बोनसको विषयलाई लिएर श्रमिकहरूले दोस्रो दिन पनि गेट मिटिङलाई निरन्तरता दिएका छन्। गत ६ सेप्टेम्बरमा कम्पनी व्यवस्थापनले श्रम विभागलाई पत्राचार गर्दै चालु वर्षको पूजा बोनस केवल १० प्रतिशत दिने र सो पनि दुई किस्तामा वितरण गर्ने जानकारी दिएको थियो। तर, पश्चिम बङ्गाल सरकारले अगावै २० प्रतिशत बोनसको एडभाइजरी जारी गरिसकेकाले सोको उल्लङ्घन भएको भन्दै श्रमिकहरू आक्रोशित बनेका छन्। गेट मिटिङलाई सम्बोधन गर्दै हिल प्लान्टेशन इम्प्लोइज युनियनका प्रतिनिधि गोविन्द लखान्द्रीले "२० प्रतिशत बोनस सुनिश्चित नभएसम्म आन्दोलन जारी रहने बताएका छन्।

**फुलपाती मिरिक**

मिरिकमा आगामी 29 सेप्टेम्बरको दिन भव्य रुपमा फुलपाती शोभा यात्रा आयोजन गरिने भएको छ। सूचना तथा सांस्कृतिक विभाग, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको संयोजनमा हुने भनिएको पर्वमा मिरिक–सौरेनीका सामाजिक, धार्मिक संस्था तथा संगठनहरूको सहभागिता रहने भएको छ। आयोजक पक्षले जानकारी गराए अनुसार शोभा यात्रामा विविध झाँकीहरुको प्रदर्शनी हुने भएको छ।

**ईसीसीएसको वार्षिक सभा**

आज बिजनबारीको हरियाणा माडवारी भवनमा रेलिङ पुलबजार प्राथमिक स्कूल शिक्षक ईसीसीएसको वार्षिक सभा सम्पन्न गरियो। सतीश पोख्रेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमम सचिव दिव्यराज छेत्रीले आफ्नो प्रतिवेदन राखेका थिए भने अध्यक्ष सतीश पोख्रेलले रेलिङ पुल बजार प्राथमिक शिक्षक ऋणदान समिती शिक्षक शिक्षिकाहरुको हितको निम्ति स्थापित भएको जनाउँदै यो समिती सँधै प्रगतिको पथमा बढ्नु पर्ने विचार राखे।

**जिटिए- प्रश्नोत्तर प्रतियोगिता**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्राथमिक शिक्षा विभागको आयोजनामा रङली रङ्लीयट खण्डमा दोस्रो अन्तर प्राथमिक पाठशाला प्रश्नोत्तर प्रतियोगिता 2025 शुक्रबार सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको डेपुटी चेयरम्यान एंव प्राथमिक शिक्षा विभागको प्रभारी सभासद राजेस चौहान उपस्थित रहेका थिए। गत 4 सेप्टेम्बर गोरुबथानबाट शुरु भएको प्राथमिक पाठशाला स्तरीय प्रश्नोत्तर प्रतियोगिता बुधबार मिरिक, बिहीबार खरसाङ र शुक्रबार रङ्ली रङ्लियट खण्डमा सम्पन्न भएको छ भने शनिवार सोनादामा र फाइनल आगामी 14 नोभेम्बरमा सुकनामा आयोजना गरिने भएको जानकारी प्राप्त भएको छ। प्रमुख अतिथि राजेस चौहानले जीटीए प्रमुख अनित थापाको निर्देशनमा गत वर्षदेखि प्राथमिक पाठशालाहरुलाई लिएर प्रश्नोत्तर प्रतियोगिता शुरु गरिएको जानकारी दिए।

**मौसम**

पश्चिम बंगालमा दुर्गा पूजाको तयारी द्रूत गतिमा भइरहेको बेला मौसमले फेरि एकपटक बदलाउ देखिदैछ। पछिल्लो दिनको भीषण आद्रता अनि तापपश्चात आजदेखि  राज्यका केही भागहरूमा वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। विभागका अनुसार, कुचबिहारदेखि ओडिशा तटसम्म एउटा निम्न दबाव रेखा निर्माण भएको छ। यसको प्रभावले उत्तर बंगालका सबै जिल्लाहरूमा आगामी मंगलवारसम्म भिन्न-भिन्न समयमा हल्कादेखि मध्यम वर्षा हुनसक्छ। अलिपुरद्वार अनि कुचबिहार जिल्लामा आगामी आइतवारसम्मै घना वर्षा हुने अनुमान छ।

****** ० ******